# बनेपा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बनेपा, काभ्रेपलाञ्चोक

**<u>बहाल रकम उठाउने सम्बन्धी बोलपत्र आह्वानको सूचना</u>**

(तेस्रो पटक प्रकाशित मिति २०८१।०६।०२)

बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा न.पा.-६ मा रहेको बुडोल सपिङ्ग कम्प्लेक्सको भवनको यातायात व्यवस्था कार्यालयले प्रयोग गरेको तला र सटर एवं दोस्रो तल्लाको उत्तर पूर्व मोहडाको एक कोठा (सटर) बाहेकको बाँकी रहेको पहिलो, दोस्रो र तेस्रो तल्ला समेत गरी जम्मा तीन तल्लामा रहेका सबै कोठा र सटरहरूको बहाल उठाउने प्रयोजनका लागि नगर कार्यपालिकाको मिति २०८१।०५।२६ को निर्णय अनुसार आ.व. २०८१।८२ र २०८२।८३ को लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ठेक्का लिन चाहने योग्य इच्छुक नेपाली नागरिक, फर्म, कम्पनी वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गरी सोह्रौं दिनको १२.०० बजेसम्म रीतपूर्वक शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१. बोलपत्र फारम बनेपा नगरपालिकाको नेपाल बैंक लि., बनेपा शाखामा रहेको आन्तरिक राजस्व खाता (खाता नं. ०१५०३०००००१००१००००००१) मा रु. ३,०००।- (तीन हजारमात्र) (पछि फिर्ता नहुने) भुक्तानी गरी बनेपा नगर कार्यपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिने छ ।

२. यो सूचना तेस्रो पटक प्रकाशित भएका मितिले पन्ध्रौं दिन सम्म कार्यालय समय सम्ममा बोलपत्र फारम खरिद गर्न र सोह्रौं दिनको १२:०० बजे भित्रमा बनेपा नगर कार्यपालिकाको कार्यालयमा दर्ता गराउन सकिने छ ।

३. दर्ता भएका बोलपत्र फारमहरू यो सूचना तेस्रो पटक प्रकाशित मितिले सोह्रौं दिनको १३:०० देखि १५:०० बजे भित्र नियमानुसार यस कार्यालयमा खोलिने छ । बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्र, दर्तावाल संस्था/फर्मका हकमा संस्था/फर्म दर्ता तथा नवीकरणको प्रमाण पत्र, मू.अ.क. दर्ता प्रमाण पत्र, स्थायीलेखा नम्बर प्रमाण पत्र र २०७९।८० सम्मको कर चुक्ता प्रमाण पत्र पेश गरेको हुनुपर्ने छ ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन विदा परेमा क्रमश: सो को भोलिपल्ट हुनेछ ।

५. बोलपत्र खोल्ने समयमा बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित रहे पनि कुनै बाधा पर्ने छैन ।

६. बोलपत्रदाताले आफुले कबोल गरेको वार्षिक रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको अंकलाई मान्यता दिइने छ ।

७. बोलपत्रदाताले धरौटी वापत कबोल अंकको पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लि., बनेपा शाखामा रहेको धरौटी खाता नं. ०१५०३०००००३००००००००१ मा नगद दाखिला गरेको सक्कलै भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सोही रकम बराबरको बैंक जमानत पत्रको सक्कलै प्रति संलग्न गरेको हुनुपर्नेछ ।

८. स्वीकृत बोलपत्रदातालाई सम्झौताका लागि दिएको म्याद भित्र उपस्थित भई सम्झौता नगरेमा राखिएको धरौटी जफत हुनेछ । स्वीकृत बोलपत्रदाताले सम्झौताको लागि स्वीकृत अंकका दरले हुन आउने कुल रकममा नघट्ने गरी सम्झौता भएको मितिले दुई वर्ष पन्ध्र दिन म्याद भएको बैंक जमानतपत्र सक्कलै पेश गर्नुपर्नेछ । तर स्वीकृत बोलपत्रदाताले कुल कबोल अंक अग्रीम रुपमा एकमुष्ट बुझाउँन चाहेमा कबोल अंकको पाँच प्रतिशत रकम छुट दिइनेछ र अग्रीम दाखिला गर्दा यस कार्यालयको नामको नेपाल बैंक लिमिटेड, बनेपा शाखामा रहेको यस कार्यालयले उपलब्ध आम्दानी खातामा दाखिला गरेको बैंक भौचर सक्कलै सम्झौताका लागि उपस्थित हुँदा पेश गर्नुपर्नेछ ।

९. स्वीकृत बोलपत्रदाताले राखेको धरौटी रकम सम्झौता अवधी भरका लागि धरौटीकै रुपमा रहने छ ।

१०. ठेक्का सम्झौता भई कार्यादेश पाएको मिति देखि ठेक्का लागू भई दुई वर्षसम्म कायम रहनेछ ।

११. ठेक्का बन्दोबस्त भए गरेका कारण प्रचलित कानून बमोजिम तिर्नुबुझाउनु पर्ने कर दस्तुर स्वीकृत बोलपत्रदाताले बुझाउनु पर्नेछ ।

१२. स्वीकृत बोलपत्रदाताले कुनै पनि किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहाका लागि दिइने निवेदन यस कार्यालयलाई स्वीकार्य हुनेछैन । साथै बहाल सम्झौता बमोजिम लाग्ने कर दस्तुर बुझाउने दायित्व स्वीकृत बोलपत्रदाताको हुनेछ ।

१३. तोकिए बमोजिमको बहाल उठाउने दायित्व स्वीकृत बोलपत्रदाताको नै हुनेछ । त्यसमा यस कार्यालयको कुनै जिम्मेवारी रहने छैन ।

१४. नेपाल सरकारबाट प्राप्त ठेक्का सम्बन्धी निर्देशन तथा समय समयमा यस कार्यालयबाट दिइने निर्देशन पालना गर्नु स्वीकृत बोलपत्रदाताको दायित्व हुनेछ ।

१५. ठेक्का सम्झौताका विषयमा कुनै विवाद भएमा यस कार्यालयले गरेको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

१६. कुनै पनि बोलपत्र विनाकारण स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१७. यो सूचना यस कार्यालयको Website: www.banepamun.gov.np मा हेर्न सकिनेछ । साथै विस्तृत जानकारीका लागि राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

१८. अन्य विषय प्रचलित कानून बमोजिम हुनेछ ।

## ठेक्का सम्बन्धी विवरण

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | दुई वर्षका लागि न्यूनतम कबोल अंक (मु.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १. | रा.२।२०८१।८२ | बनेपा नगरपालिकाको स्वामित्वमा बनेपा न.पा.-६ मा रहेको बुडोल सपिङ्ग कम्प्लेक्सको भवनको यातायात व्यवस्था कार्यालयले प्रयोग गरेको तला र दोस्रो तल्लाको उत्तर पूर्व मोहडाको एक कोठा (सटर) बाहेकको बाँकी रहेको पहिलो, दोस्रो र तेस्रो तल्ला समेत गरी जम्मा तीन तल्लामा रहेका सबै कोठा र सटरहरूको बहाल रकम संकलन गर्ने । | रु. ३७,५०,०००।- (अक्षरुपी सैंतिस लाख पचास हजार मात्र) | ५% | रु.३०००।- |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत